# नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

कुश्मा, पर्वत ।

## छैटौ वार्षिक साधारण सभाको विवरण/माईन्युट

१ **वैधानिक सभा:**

यस वित्तीय संस्थाको २०८१ फागुन १३ गते मंगबारको दिन वसेको सञ्चालक समितिको १०२औ वैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा नियमावली बमोजिम यस वित्तीय संस्थाको **छैटौ वार्षिक साधारण सभा, २०८१** वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा वसी देहायका विषयहरु उपर छलफल तथा निर्णय गरी सुसम्पन्न भयो ।

२. **सभाको मिति ,स्थान र समय:**

**मिति:** वि.सं. २०८१ चैत्र १० गते, आइतबार (तदनुसार २३ मार्च, २०२५)

**स्थान :** रोयल कुश्मा रिसोर्ट, कुश्मा नगरपालिका वडा नं. ५, मेनरोड, पर्वत ।

**समय:** दिनको ११:३० वजे,

३. **सभाको सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सभा हुने मिति, स्थान,समय र छलफलका विषयको सहित यस वित्तीय संस्थाको छैटौ बार्षिक साधारण सभाको सूचना आ.ब.२०८०/०८१ को प्रतिबेदन एवम् वित्तीय विवरण लगायतका जानकारीहरु सबै शेयरधनीहरुलाई व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१ फागुन १४ गते र चैत्र ५ गते दुई पटक राष्ट्रिय स्तरको **"आर्थिक अभियान राष्ट्रिय दैनिक"** पत्रिकामा प्रकाशित गरिएको र मिति २०८१ फागुन २८ गते शेयरधनी दर्ता किताव वन्द रहेकोले फागुन २७ गतेसम्म कम्पनीको शेयरधनी दर्तापुस्तिकामा कायम रहेका शेयरधनी महानुभावहरुलाई सभाको सुचना वित्तीय संस्थाको वेवसाइटमा समेत राखिएको थियो ।साथै सामाजिक सञ्जालवाट पनि शेयरधनीहरुलाई जानाकारी गराईएको थियो भन्ने व्यहोरा कम्पनी सचिव श्री कमल प्रसाद शर्माबाट जानकारी गराईयो ।

४. **उपस्थिति**

(क) **सञ्चालकहरुको उपस्थिति:**

| क्र.स | सञ्चालकहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सावित्री खत्री क्षेत्री लामिछाने | अध्यक्ष | |
| २. | श्री रेशम वहादुर खत्री | सञ्चालक | |
| ३. | श्री रत्न प्रसाद अधिकारी | संञ्चालक | |
| ४ | श्री दुर्गा वहादुर शाह | सञ्चालक | |
| ५ | श्री एन्जेल श्रेष्ठ | सञ्चालक | |

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति:

श्री विश्व प्रकाश प्रसाई ठकुरी - संस्थापक अध्यक्ष

(ग) व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति:

श्री युधिष्ठिर भुषाल शर्मा - का.मु. कार्यकारी प्रमुख
श्री कमल प्रसाद शर्मा - कम्पनी सचिब
श्री नारायण प्रसाद प्रसाई - प्रमुख, कर्जा तथा आलेप विभाग
श्री उत्तम प्रसाद अधिकारी - प्रमुख, जनशक्ति व्यवस्थापन विभाग

**५. सभाको गणपुरक संख्या:**

| कुल शेयरधनी संख्या | कुल शेयर कित्ता | कुल शेयर रकम (रु.) | उपस्थिती | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थापक शेयरधनि संख्या | सर्वसाधारण शेयरधनि संख्या | जम्मा उपस्थिती | कुल शेयर कित्ता संख्या | कुल शेयररकम | प्रतिशत |
| ३९६५० | २५५०००० | २५५००००००० | २४ | १५ | ३९ | १४९२५२५ | १४९२५२५०० | ५८.५३ |

**६. सभाको वैधानिकता:**

कम्पनी ऐन,२०६३ वित्तीय संस्थाको स्वीकृत विनियमावली बमोजिम छैटौ वार्षिक साधारण सभामा संस्थाका कुल ८३ जना संस्थापक शेयरधनि मध्ये २४ जना शेयरधनि स्वयम् उपस्थित भई र शेयर कारोवार दाखेल खारेज बन्दको मिति २०८१ फागुन २७ गतेसम्म शेयर कारोवार भई धितोपत्र सम्वन्धि नियम अनुसार कायम भएका सर्वसाधारण शेयरधनि ३९ हजार ५६७ जना मध्ये १५ जना स्वयम् उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेको तथा कुल शेयरधनि मध्ये ३९ जनाको उपस्थिती रहेको र सो उपस्थिती २५ लाख ५० हजार कित्ता शेयर तथा २५ करोड ५० लाख शेयर रकम मध्ये १४ लाख ९२ हजार ५२५ शेयर कित्ता तथा १४ करोड ९२ लाख ५२ हजार ५०० रकम शेयरको प्रतिनिधित्व भएकोमा सो कुल चुक्ता शेयर कित्ता वा चुक्ता पुंजीको ५८ दशमलव ५३ प्रतिशत हुन जाने भएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ वमोजिम गणपुरक संख्या पुगेको देखिएकोले यस **छैटौ वार्षिक साधारण सभा, २०८१** को वैधानिकता पुरा भएको जानकारी कम्पनी सचिव कमल प्रसाद शर्माले गराउनु भयो ।

**७. सभाको सभापतित्व र सभा सञ्चालन:**

साधारण सभा निम्नानुसार प्रक्रियागत रुपमा सम्पन्न भएको थियो:-

**क) साधारण सभाको शुभारम्भ र सञ्चालन:**

सञ्चालक समितिका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूको अध्यक्षता, सञ्चालक श्री रेशम वहादुर खत्रीको स्वागत तथा एचआर अधिकृत श्री इश्वरी प्रसाद शर्माको सञ्चालनमा सभा सम्पन्न भएको थियो । उक्त सभाको दिप प्रज्वलन गरी अध्यक्षज्यूवाट समुद्घाटन भयो । समारोहमा सहायक अधिकृत श्री अनिता सोतिले संस्थागत प्रतिज्ञा गराउनु भएको थियो । सभाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूवाट सञ्चालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन र आन्तरिक लेखा

परीक्षण समितिका संयोजक गैर सञ्चालक श्री दुर्गा वहादुर शाहवाट आलेप प्रतिवेदन पेश भयो । शुभकामना मन्तव्य संस्थापक अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरीज्यूले दिनु भएको थियो । धन्यवाद ज्ञापन का.मु. कार्यकारी प्रमुख श्री युधिष्ठिर भुषाल शर्मा ज्यूले दिनु भएको थियो ।

**ख) वन्दसत्र:**

कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको स्वीकृत विनियमावली अनुसार सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले वन्दसत्रमा सञ्चालक समितिको तर्फबाट सभामा उपस्थित हुनु भएका सबै संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । सभामा आवश्यक गणपुरक संख्या पूरा भई वैधानिकता प्राप्त भएकोले अध्यक्षज्यूवाट सभाको कार्यवाही अगाडी वढाउनु भयो । वन्दसत्रमा संस्थाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनको साथै सञ्चालक समितिको तर्फवाट प्रस्तावित प्रस्तावहरु सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले निर्णयार्थ सभामा पेश गर्ने काम भयो ।

**८. साधारण सभामा प्रस्तुत प्रस्तावहरुः**

**क) साधारण प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन ,२०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को वित्तीय संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०/०८१ सम्मको संचित मुनाफा रकम मध्येवाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुँजी रु.२५ करोड ५० लाखको ०.७५ प्रतिशतले हुने रकम रु.१९,१२,५००/-(अक्षरुपी उन्नाइस लाख वाह्र हजार पाँच सय रुपैया मात्र) नगद लाभांस (वोनस शेयरमा लाग्ने कर प्रयोजनमा लागि मात्र) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्ताव:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५० लाखको १४.२५ प्रतिशतले हुने रकम रु.३,६३,३७,५००/- (अक्षरमा तिन करोड त्रिसठ्ठी लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) वरावरको वोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

२) बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. २९,१३,३७,५००/- (अक्षरमा उन्नतिस करोड तेह्र लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) पुर्‍याउने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

३) बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख)र ६(ग) मा संशोधन गर्ने ।

४) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

५) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध ।**

**९.सञ्चालक समितिको तर्फवाट प्रतिवेदन प्रस्तुतिः**

सभाको निर्धारित विषय सूचीमा उल्लेख भए बमोजिमका बिषयमा सञ्चालक समितिको तर्फवाट सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

**१०. वार्षिक प्रतिवेदन तथा प्रस्तुत प्रस्ताव माथि छलफलको लागि आह्वानः**

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभा आह्वानको सुचनामा निर्धारित विषय उपर केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषय सूची अनुसार विचार मन्तव्य प्रकट गरिदिनु हुन अनुरोध गर्दै सभा अगाडी बढाउनु भयो ।

**(क) शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा, प्रश्न तथा सुझावहरुः**

छलफलमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**१. संस्थापक शेयरधनी श्री शान्ति नारायण श्रेष्ठ**

- संस्थापक शेयरधनीलाई सम्भव भएसम्म पत्र पठाउदा राम्रो हुने ।
- यस संस्थालाई अगाडी वढाउनको लागि सानो सानो कुराहरुमा ध्यानकार्षण गर्नु पर्ने ।
- संस्थाको कमी कमजोरीहरुलाई घटाउदै जानुपर्ने ।
- आगामी वर्ष संस्थालाई नाफामा ल्याई प्रतिफल दिनु पर्ने ।

२. संस्थापक अध्यक्ष श्री विश्व प्रकाश प्रसाई ठकुरी

- लघुवित्तका चुनौति रहेको ।वढी कर्जा सामूहिक जमानिमा रहेको हुँदा धितो कर्जालाई वढाउनु पर्ने देखिन्छ ।
- खराव कर्जा वढेकोले संस्थाले वढि प्रोभिजन गर्नु परेकोले संस्था घाटामा रहेको हुँदा खराव कर्जा असुलिमा वढि ध्यान केन्द्रित गरि नँया कर्जा लगानी वढाउनु पर्ने देखिन्छ ।
- संस्थापक शेयरधनीहरुको उपस्थिती कम देखियो ।
- स्थायी ठेगाना भएका ग्राहकहरुको विवरणको आधारमा समिक्षा गरि संस्थाले कति जिल्लामा सेवा दिएको छ भन्ने कुरामा व्यवस्थापन स्पष्ट हुनु पर्ने ।
- जोखिम कम गर्न रणनिती वनाएर लागु गर्नु पर्ने देखिन्छ ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्वन्धमा अध्यक्षज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एंव महत्वपूर्ण सुझाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सभामा शेयरधनीहरुबाट प्रस्तुत गरिएका अन्य उचित राय, सल्लाह र सुझावहरु सभामा सहर्ष स्वीकार गर्ने र पारित प्रस्तावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रतिवद्धता व्यक्त गर्नु भयो ।

लेखा परिक्षण समितिका संयोजक सञ्चालक श्री दुर्गा बहादुर शाहज्यूले आर्थिक वर्ष २०८०/०८१ को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धि प्रस्ताव पेश गर्ने काम भयो ।

**११. सभाको निर्णयः**

निर्धारित विषय उपर शेयरधनी महानुभावहरुको जिज्ञासाप्रति छलफल एवम् प्रतिउत्तर दिए पश्चात अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनि सचिवले प्रस्तावहरु निर्णयार्थ पेश गर्नु भएको प्रस्ताव उपर सभावाट देहाय वमोजिम सर्वसम्मत निर्णय भयो ।

**क. सामान्य प्रस्ताव तर्फको निर्णयहरुः**

१) **सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमाः** छलफल गर्दा यस गरिमामय छैटौ बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फवाट समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूवाट प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को आर्थिक परिसुचक सहितको गतिविधी एवम् यस वार्षिक साधारण सभासम्मको अवधीमा भए गरेका संस्थागत क्रियाकलाप एवम् चालु आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रमहरु समेतलाई समेटी प्रस्तुत वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को प्रगती तथा चालु आर्थिक वर्ष २०८१/०८२को कार्यक्रम सहितको **वार्षिक प्रतिवेदन, २०८०/०८१** लाई सर्वसम्मतीले पारित गरी वित्तीय संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु तथा आवश्यक नीति, निर्माण, निर्णय तथा सोको कार्यान्वयन गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२) **लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा:** छलफल गर्दा संस्थाको मिति २०८१/०२/२५ गते सम्पन्न संस्थाको पाँचौ वार्षिक साधारण सभाको निर्णय वमोजिम नियुक्त "क" वर्गको लेखा परिक्षक कम्पनी ."**एस.आचार्य एण्ड एशोसिएट्स**"द्वारा लेखा परीक्षण भई मिति २०८१/०९/०२ गते वसेको सञ्चालक समितिको ९९औं वैठकवाट स्वीकृत भई नेपाल राष्ट्र बैंकवाट समेत जाँच भई मिति २०८१ फागुन २ गतेका दिन वित्तीय विवरणहरु प्रकाशनको लागि स्वीकृत प्राप्त यस वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह सहित सोसंग सम्वन्धित अनुसुचीहरुलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३) **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन ,२०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/०८२ को वित्तीय संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा :** छलफल गर्दा संस्थाको आ.व..२०८१/०८२ को वाह्य लेखा परीक्षणको लागि ३ वटा लेखा परीक्षण कम्पनीहरु श्रेष्ठ एण्ड नौपाने एशोशियट्स चार्टर एकाउन्टेन्स, सरु एण्ड एशोशियट्स चार्टर एकाउन्टेन्स र एस.आचार्य एण्ड एशोशियट्स चार्टर एकाउन्टेन्सले भ्याट सहित क्रमश: रु.४,५२,०००/- ,रु.६,२७,१५०/- र रु.५,०२,८५०/- कोटेशन प्रस्ताव गरेको तथा मिति २०८१ चैत्र ८गते सम्पन्न लेखा परीक्षण समितिको वैठकले प्राप्त कोटेशेन मध्ये कम रकम प्रस्ताव गरेको लेखा परीक्षण कम्पनी श्रेष्ठ एण्ड नौपाने एशोशियट्स चार्टर एकाउन्टेन्सलाई सिफारिस गरेबमोजिम आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण ,एनएफआरएस तथा सो सँग सम्वन्धीत अनुसुचीहरु सहित लङ्गफर्म अडिट रिपोर्ट, दफा ७८ र संस्थागत सुसासन सम्वन्धी वार्षिक अनुपालना प्रतिवेदनहरु तयार गरे वापत लेखा परीक्षण कम्पनीहरु श्रेष्ठ एण्ड नौपाने एशोशियट्स चार्टर एकाउन्टेन्स लाई पारिश्रमिक भ्याट सहित रु.४,५२,०००/-(अक्षरेपी चार लाख वाउन्न हजार रुपैयाँ मात्र) यातायात, खाना तथा आवास खर्चको सम्वन्धमा संस्था तथा लेखा परीक्षण कम्पनीले आधा आधा व्यहोर्ने सर्तमा प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

४) **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम यस वित्तीय संस्थाको आ.व.२०८०/०८१ सम्मको संचित मुनाफा रकम मध्येवाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुंजी रु.२५ करोड ५० लाखको ०.७५ प्रतिशतले हुने रकम रु.१९,१२,५००/-( अक्षरुपी उन्नाइस लाख वाह्र हजार पाँच सय रुपैया मात्र) नगद लाभांस (वोनस शेयरमा लाग्ने कर प्रयोजनमा लागि मात्र) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा :** छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको आ.व.२०८०/०८१ सम्मको संचित मुनाफा रकम मध्येवाट २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पुंजी रु.२५ करोड ५० लाखको ०.७५ प्रतिशतले हुने रकम रु.१९,१२,५००/-(अक्षरुपी उन्नाइस लाख वाह्र हजार पाँच सय रुपैया मात्र)

नगद लाभांस वोनस शेयरमा लाग्ने कर प्रयोजनमा लागि मात्र वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ख) बिशेष प्रस्ताव तर्फको निर्णयहरु:**

१) **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५० लाखको १४.२५ प्रतिशतले हुने रकमरु.३,६३,३७,५००/- ( अक्षरमा तिन करोड त्रिसठ्ठी लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) वरावरको वोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा:** छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८१ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५०लाखको १४.२५प्रतिशतले हुने रकम रु.३,६३,३७,५००/-(अक्षरमा तिन करोड त्रिसठ्ठी लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) वरावरको वोनस शेयर वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२) **बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. २९,१३,३७,५००/- (अक्षरमा उन्न्तिस करोड तेह्र लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) पुऱ्याउने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा:** छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी रु. २९,१३,३७,५००/- (अक्षरमा उन्न्तिस करोड तेह्र लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) पुऱ्याउने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३) **बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख)र ६(ग) मा संशोधन गर्ने सम्वन्धमा:** छलफल गर्दा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बोनश शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख)र ६(ग) मा तपशिल बमोजिमको बिशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**तपशिल**

**प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीनमहले विवरण**

| दफा | हालको व्यवस्था | प्रस्तावित शंसोधन | शंसोधन गर्नुपरेको कारण |
|---|---|---|---|
| **दफा ६ (ख)** | वित्तीय संस्थाको जारी शेयर पुँजी रु.२५,५०,००,०००/- (अक्षरेपी पच्चीस करोड पचाँस लाख रुपैयाँ मात्र)हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका २५,५०,०००( पच्चिस लाख पचास हजार मात्र) थान साधारण शेयरमा विभाजन गरिएकोछ । | वित्तीय संस्थाको जारी शेयर पुँजी रु.२९,१३,३७,५००/- ( अक्षरेपी उन्न्तिस करोड तेह्र लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र)हुनेछ । सो पुँजीलाई प्रति शेयर रु.१००।- दरका | संस्थाले १४.२५ प्रतिशतले हुन आउने रु.३,६३,३७,५००/- (अक्षरमा तिन करोड त्रिसठ्ठी लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) वरावरको वोनस शेयर जारी गरी जारी |

| | | | |
|---|---|---|---|
| | - | २९,१३,३७५( उन्नतिस लाख सैतिस तेह्र हजार तिन सय पचहत्तर मात्र) थान साधारण शेयरमा विभाजन गरिएकोछ । | शेयर पूँजी र चुक्ता शेयर पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकोले । |
| दफा ६ ( ग) | वित्तीय संस्थाको चुक्ता शेयर पुँजी रु.२५,५०,००,०००/- (अक्षरुपी पच्चीस करोड पचाँस लाख रुपैयाँ मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता शेयर पुँजी रु.२९,१३,३७,५००/- ( अक्षरेपी उन्नतिस करोड तेह्र लाख सैतिस हजार पाँच सय रुपैयाँ मात्र) हुनेछ । | |

४) **यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र (MOU)मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:** छलफल गर्दा विगतमा मर्जर सम्वन्धी सहभती भई डिमर्ज हुँदा संस्थाको प्रतिष्ठा देखि सेवा विस्तारमा समेत अत्यन्त ठूलो वाधा अडचन सृजना भएको यथार्त अनुभवलाई समेत मध्यनजर राख्दै सोच विचार पुऱ्याई संस्थागत संस्कार, भौगोलिकता, संस्थागत क्षमता र वित्तीय अवस्था समेतलाई गहिरो विश्लेषण गरी उपर्युक्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने र गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समझदारी पत्र(MOU)मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले गरियो ।

५) **वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:** छलफल गर्दा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा दफा र नियम संशोधन गर्ने तथा वित्तीय संस्थासँग सम्बन्धित नियमक निकायबाट प्रस्तावित दफा र नियमका अतिरिक्त नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनसँग बाझिएका

वा सो अनुकुल हुने गरी अन्य कुनै बिषयमा संशोधन वा परिमार्जन वा थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा वा प्रचलित ऐन, कानूनसँग नवाझिने गरी वित्तीय संस्था, यसका लगानीकर्ता र सेवाग्राहीको हितको लागि प्रवन्धपत्र, नियमावलीमा कुनै शंसोधन गर्नुपर्ने भएमा सो समेत आवश्यक शंसोधन गरी स्वीकृतको प्रक्रिया अगाडी वढाउनको लागि सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले गरियो ।

**ग. विविध प्रस्ताव तर्फको निर्णयहरुः**

विविध अन्तर्गत यस वित्तीय संस्थाको छैटौ वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष तथा साधारण सभामा उपस्थित सवै सञ्चालकहरुले हस्ताक्षर गर्न निर्णय समेत सर्व सम्मतिले पारित गरियो ।

**३) धन्यवाद सम्वन्धमाः**

सभाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूवाट संस्थालाई निरन्तर सहयोग गर्नुहुने नियमनकारी निकाय, सरोकारवाला निकाय, सञ्चारकर्मीको साथै सभामा उपस्थित शेयरधनी महानुभावज्यूहरु सवैलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव अध्यक्षज्यूवाट सभामा प्रस्तुत हुँदा सर्व सम्मतीले धन्यवाद प्रस्ताव पारित गरियो ।

**१२. साधारण सभाको विसर्जनः**

अध्यक्षज्यूले उत्साह एवम् उमङ्गकासाथ लामो समयसम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा संलग्न भई यस छैटौ वार्षिक साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फवाट धन्यवाद दिनुहुँदै अपरान्ह ५:३५ बजे यस नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको छैटौ वार्षिक साधारण सभा, २०८१ औपचारिक रुपमा विसर्जन भएको घोषणा गर्नुभयो ।

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड
केन्द्रीय कार्यालय, कुश्मा, पर्वत